# बेदकोट नगरपालिकाको
# राजपत्र

सुदूरपश्चिम प्रदेश, कञ्चनपुर, २०७७ साल श्रावण १ गते खण्ड ४, संख्या:२

भाग-१

# बेदकोट नगरपालिकाको विनियोजन ऐन २०७७

## बेदकोट नगरपालिका

# विनियोजन ऐन

**बेदकोट नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

(नगर सभामा पेश गरिएको मितिः २०७७।०३।१०)

**प्रस्तावनाः** बेदकोट नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम बेदकोट नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्तनाम र प्रारम्भः (१)**यस ऐनको नाम " बेदकोट नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**ः (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माथि उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७२,४०,००,०००-(अक्षेरुपी बहत्तर करोड चालिस लाख मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।०७८ को निमित्त बेदकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याजभुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृतिलिनु पर्नेछ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरपालिका | १५,०८,४०,००० | १५,८३,८३,००० | | ३०,९२,२३,००० |
| २ | | वडा समिति | | ४,००,००,००० | | ४,००,००,००० |
| ३ | | संघिय सरकारको सशर्त | १९,६३,३४,००० | ४,४३,६६,००० | | २४,०७,००,००० |
| ४ | | सामाजिक सुरक्षा खर्च | १२,७३,७७,००० | | | १२,७३,७७,००० |
| ५ | | अन्य अनुदान खर्च | | ६७,००,००० | | ६७,००,००० |
| **जम्मा** | | | **४७,४५,५१,०००** | **२४,९४,४९,०००** | | **७२,४०,००,०००** |